# ललितपुर उप-महानगरपालिकाको कार्यालय

# आ. ब. २०७०/०७१ को बार्षिक प्रगति समीक्षाको प्रतिवेदन

(२०७१ साल भाद्र २७ गते)

**ऐतिहासिक पृष्ठभूमि**



City of Fine Arts को नामले चिनिन सफल नेपालको जेष्ठ नगर ललितपुर उप-महानगरपालिकाको पूर्वमा इमाडोल गा.वि.स. र हरिसिद्धी गा.वि.स., पश्चिममा कीर्तिपुर नगरपालिका र काठमाण्डौं महानगरपालिका, उत्तरमा काठमाण्डौं महानगरपालिका र दक्षिणमा सैवुं गा.वि.स. र धापाखेल गा.वि.स रहेको छ। ललितपुर उपमहानगरपालिका २७°३९' देखि २७°४१' उत्तरी अक्षांश र ८५°१८' देखि ८५° ५१' पूर्व देशान्तरसम्म जम्मा १५.४६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। ललितपुर उप-महानगरपालिका शहर ऐतिहासिक, धार्मिक, कला, संस्कृति, मठ मन्दिर, वहा, वही, आदिले भरिपूर्ण नगरको रुपमा परिचित रहेको नेपाल उपत्यकाको प्राचिन तथा महत्वपूर्ण तीन नगरहरु मध्ये सर्वप्राचिन नगर हो। अनुपम कला नगरीको रुपमा सुपरिचित यो नगर सफाइ तथा अन्य कार्यहरु गर्न विक्रम सम्वत १९७५ सालमा जारी भएको पाटन सवाल वाट छेमडोल अड्डाको नामवाट स्थापना भई वि.सं.२००९ सालमा ललितपुर नगरपालिका, वि.सं. २०१८ सालमा ललितपुर नगर पञ्चायत, वि.सं. २०४७ सालमा फेरि ललितपुर नगरपालिका र वि.सं. २०५२ सालमा ललितपुर उप- महानगरपालिका घोषणा भएको छ।

**कार्यक्रमको उद्देश्य तथा औचित्य**

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइ जिम्मेवारीको संस्कार बसाउन हरेक स्थानीय निकायले समीक्षा बैठक गर्नै पर्ने हुन्छ।

यसै प्रसङ्गमा ललितपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७०/७१ को बार्षिक प्रगति समीक्षा गोष्ठी उप-महानगरपालिकाको सभाकक्षमा मिति २०७१ साल भाद्र २७ गतेका दिन ललितपुर उप-महानगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत श्री ताराबहादुर कार्कीको सभापतित्वमा सम्पन्न भएको छ। सो कार्यक्रमलाई बढी प्रभावकारी तथा उपलब्धीमुलक बनाउनका लागि सरोकारवालाहरुको व्यापक उपस्थिति अनिवार्य हुन्छ। त्यसैले कार्यक्रममा बढी भन्दा बढी सरोकारवालाहरुलाई सहभागी गराउनका लागि अग्रिम लिखित सूचना पठाइएको थियो।



माननीय सभासद श्री मदन बहादुर अमात्य संबोधन गर्दै

सो बार्षिक प्रगति समीक्षा गोष्ठीमा निम्न महानुभावहरुको उपस्थिति रहेको थियो।

१. प्रमुख तथा कार्यकारी अधिकृत श्री ताराबहादुर कार्की, ललितपुर उप-महानगरपालिका कार्यालय
२. माननीय सभासद श्री मदन बहादुर अमात्य
३. माननीय सभासद श्री चन्द्र महर्जन
४. माननीय सभासद श्री सिध्दिलाल सिंह
५. श्री श्रीगोपाल महर्जन, प्रतिनिधि नेकपा (एमाले)
६. श्री विकास बज्राचार्य,  नेकपा (एमाले)
७. ए.ने.क.पा. (माओवादी) जिल्ला कमिटीका प्रतिनिधि श्री बाबुराजा बज्राचार्य
८. श्री नरेश कुमार श्रेष्ठ नगर सभापति, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल
९. श्री केशव खड्का, प्रतिनिधि, राष्ट्रिय प्रजातन्त्र पार्टी
१०. श्री चन्द्र महर्जन, का.वा. अध्यक्ष, संघीय समाजवादी पार्टी
११. श्री बिष्णु महर्जन, जिल्ला सचिव, ने.क.पा. (माओवादी)
१२. श्री केदार गिरि, नेकपा माले, केकस उपसचिव
१३. श्री मधु कुमार चालिसे, नेकपा माले, केकस जिल्ला सचिव
१४. श्री राजेश बज्राचार्य, अध्यक्ष, संघीय नेवा संघ सं.स. पार्टी नेपाल
१५. श्री अजरमान जोशी, अध्यक्ष, उद्योग वाणिज्य संघ, ललितपुर
१६. श्री किरण डँगोल, सह-सचिव, ज्यापु समाज ललितपुर

१७. श्री टिकाराम दाहाल, सचिव, गैसस महासंघ जिल्ला शाखा ललितपुर
१८. श्री रविन्द्र ताम्राकार, ताम्राकार समाज
१९. श्री सुनील महर्जन, केन्द्रीय उपाध्यक्ष, नेवाःपत्रकार राष्ट्रिय दबू
२०. श्री संजय शाक्य, उद्योग वाणिज्य संघ, ललितपुर
२१. श्री नारायण प्रसाद आचार्य, प्रमुख मालपोत अधिकृत, ललितपुर
२२. श्री पुष्प बस्नेत, क्षेत्रीय कोअर्डिनेटर, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, धुलिखेल
२३. श्री हसन शाक्य, केयुकेल (ढल)
२४. श्री अनिता महर्जन, नः खा मिसा पुच वडा नं २०
२५. श्री सानुदेवी महर्जन, नः खा मिसा पुच वडा नं २०
२६. श्री प्रणीता शाक्य, बालक्लब संजाल
२७. श्री केशव खड्का, बालक्लब संजाल
२८. श्री सुन बहादुर लामा, प्युटार ललितपुर
२९. श्री राम बहादुर लामा, माल्टा २ ललितपुर
३०. श्री हसिना शाक्य, मणिमण्डप मिसा पुच
३१. श्री मदन बहादुर राउत
३२. श्री प्रविण श्रेष्ठ प्रमुख, सार्वजनिक निर्माण महाशाखा, ललितपुर उप-महानगरपालिका कार्यालय
३३. श्री अशोक श्रेष्ठ प्रमुख, समाज कल्याण महाशाखा, ललितपुर उप-महानगरपालिका कार्यालय
३४. श्री बाबुराजा महर्जन प्रमुख, प्रशासन महाशाखा, ललितपुर उप-महानगरपालिका कार्यालय
३५. श्री सूर्यमाया ताम्राकार प्रमुख, आर्थिक प्रशासन महाशाखा, ललितपुर उप-महानगरपालिका कार्यालय
३६. श्री रुद्र प्रसाद गौतम, प्रमुख शहरी विकास महाशाखा, ललितपुर उप-महानगरपालिका कार्यालय
३७. श्री खगेन्द्र वस्ती, प्रमुख कानून महाशाखा, ललितपुर उप-महानगरपालिका कार्यालय
३८. श्री कदमलाल महर्जन, प्रमुख, नगर प्रहरी बल, ललितपुर उप-महानगरपालिका कार्यालय
३९. श्री चन्द्रशोभा शाक्य, बरिष्ठ आर्किटेक्ट, ललितपुर उप-महानगरपालिका कार्यालय
४०. श्री प्रेम बहादुर थापा, शाखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
४१. श्री रचना अमात्य, आर्किटेक्ट,  ललितपुर उप-महानगरपालिका कार्यालय
४२. श्री हरिश्चन्द्र लामिछाने, इन्जिनियर, ललितपुर उप-महानगरपालिका कार्यालय
४३. श्री सुरेश गजुरेल, शाखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
४४. श्री दिल्लीराज शाक्य, शाखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय

४५. श्री बलराम महर्जन, इन्जिनियर, ललितपुर उप-महानगरपालिका कार्यालय
४६. श्री सागर थापा, शाखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
४७. श्री बद्री ताम्राकार, ईन्जिनियर, ललितपुर उप-महानगरपालिका कार्यालय
४८. श्री ज्ञानुरत्न महर्जन अध्यक्ष, नेपाल कर्मचारी एसोसिएसन, ललितपुर उप-महानगरपालिका कार्यालय
४९. श्री इन्द्रलक्ष्मी ताम्राकार, लेखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
५०. श्री श्रीभद्र ओझा, शाखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
५१. श्री महेन्द्र महर्जन, इन्जिनियर, ललितपुर उप-महानगरपालिका कार्यालय
५२. श्री श्रीकुमार महर्जन, इन्जिनियर, ललितपुर उप-महानगरपालिका कार्यालय
५३. श्री उपेन्द्र नायक, इन्जिनियर, ललितपुर उप-महानगरपालिका कार्यालय
५४. श्री कान्छाभाई महर्जन, शाखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
५५. श्री सुरेन्द्रराज अवाले, शाखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
५६. श्री करुणा बज्राचार्य, जनस्वास्थ्य अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
५७. श्री राजेन्द्र बिष्ट, नायब सुब्बा, ललितपुर उप-महानगरपालिका कार्यालय
५८. श्री बलभद्र महर्जन, ललितपुर उप-महानगरपालिका कार्यालय
५९. श्री लक्ष्मीदेवी महर्जन, शाखा अधिकृत कम्प्युटर, ललितपुर उप-महानगरपालिका कार्यालय
६०. श्री कनिष्ठ कुमार भट्ट, लेखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
६१. श्री विमलकेशरी अमात्य, शाखा अधिकृत ललितपुर उप-महानगरपालिका कार्यालय
६२. श्री सबिना शाक्य, कम्प्युटर अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
६३. श्री रुद्र प्रसाद अधिकारी, इन्जिनियर, ललितपुर उप-महानगरपालिका कार्यालय
६४. श्री पवनलाल श्रीवास्तव, शाखा अधिकृत, ललितपुर उप-महानगरपालिका कार्यालय
६५. श्री सुमिर महर्जन, आइ.सि.टी. स्वयंसेवक, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
६६. श्री द्रोण प्रसाद कोइराला, शहरी शासन विज्ञ, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
६७. श्री इन्द्र बज्राचार्य, वडा सचिव, वडा नं ४ ललितपुर उप-महानगरपालिका
६८. श्री प्रेम नारायण खनाल, वडा सचिव, वडा नं १४ ललितपुर उप-महानगरपालिका
६९. श्री आशा दाहाल, वडा सचिव, वडा नं १९ ललितपुर उप-महानगरपालिका
७०. श्री नारायणहरि महर्जन, वडा सचिव, वडा नं १७ ललितपुर उप-महानगरपालिका
७१. श्री प्रदिप न्याछ्यो, वडा सचिव, वडा नं १० ललितपुर उप-महानगरपालिका
७२. श्री सानुबाबु सिलवाल, वडा सचिव, वडा नं २१ ललितपुर उप-महानगरपालिका

७३. श्री जनार्दन पौडेल, वडा सचिव, वडा नं १ ललितपुर उप-महानगरपालिका
७४. श्री उद्धब बिष्ट, वडा सचिव, वडा नं ३ ललितपुर उप-महानगरपालिका
७५. श्री उदयसन नापित, वडा सचिव, वडा नं १३ ललितपुर उप-महानगरपालिका
७६. श्री बिष्णुभक्त श्रेष्ठ, वडा सचिव, वडा नं २० ललितपुर उप-महानगरपालिका
७७. श्री रामकृष्ण श्रेष्ठ, वडा सचिव, वडा नं १२ ललितपुर उप-महानगरपालिका
७८. श्री बाबुराजा डंगोल, वडा सचिव, वडा नं १८ ललितपुर उप-महानगरपालिका
७९. श्री कृष्णगोपाल महर्जन, वडा सचिव, वडा नं ११ ललितपुर उप-महानगरपालिका
८०. श्री बालकृष्ण महर्जन, वडा सचिव, वडा नं १६ ललितपुर उप-महानगरपालिका
८१. श्री रविन्द्र शाक्य, वडा सचिव, वडा नं ६ ललितपुर उप-महानगरपालिका
८२. श्री आशालाल महर्जन, वडा सचिव, वडा नं ८ ललितपुर उप-महानगरपालिका
८३. श्री प्रेमकृष्ण श्रेष्ठ, वडा सचिव, वडा नं १८ ललितपुर उप-महानगरपालिका
८४. श्री ओमकृष्ण ताम्राकार, वडा सचिव, वडा नं ७ ललितपुर उप-महानगरपालिका
८५. श्री रविन्द्र महर्जन, वडा सचिव, वडा नं २२ ललितपुर उप-महानगरपालिका

कार्यक्रमको संचालन शाखा अधिकृत श्री प्रेम बहादुर थापाले गर्नुभएको कार्यक्रममा सहभागीहरुलाई सार्वजनिक निर्माण महाशाखा प्रमुख बरिष्ठ आर्किटेक्ट श्री प्रविण श्रेष्ठले स्वागत गर्नुभएको थियो । आफ्नो स्वागत मन्तव्यमा वहाँले उप-महानगरपालिका भित्र २०७०/७१ मा गरिएका कामहरुको सम्बन्धमा सम्बन्धित महाशाखा तथा शाखा प्रमुखहरुबाट प्रगति तथा भोग्नु परेका समस्याहरु प्रस्तुत गरिने र सो उपर बृहत छलफल भई आगामी दिनहरुमा उपमहानगरपालिकाले गर्नु पर्ने कामका बारेमा रचनात्मक सुझाब प्राप्त हुने अपेक्षा गर्नु भएको थियो ।

ललितपुर उप महानगरपालिका कार्यालय अन्तर्गतका विभिन्न महाशाखा,शाखाहरुवाट गत आर्थिक वर्ष २०७०/७१ मा सन्चालन गरिएका कार्यक्रमहरु, परिषदवाट पारित नीति कार्यान्वयनको अवस्था, प्रवाह गरिएका सेवा सुविधाहरु, फोहर मैला संकलन तथा विर्सजन, विकास निर्माणकार्यहरु, राजश्व संकलन, सामाजिक परिचालन लगायतका समग्र विषयहरुमा महाशाखा प्रमुख तथा शाखा प्रमुखहरु क्रमशः सार्वजनिक निर्माण महाशाखा प्रमुख श्री प्रविण श्रेष्ठ, समाज कल्याण महाशाखा प्रमुख श्री अशोक श्रेष्ठ, शहरी विकास महाशाखा प्रमुख श्री रुद्र प्रसाद गौतम, आर्थिक प्रशासन महाशाखा प्रमुख श्री सूर्यमाया ताम्राकार, प्रशासन महाशाखाका प्रमुख श्री बाबुराजा महर्जन, कानून महाशाखा प्रमुख श्री खगेन्द्र प्रसाद वस्ती, नगर प्रहरी बल प्रमुख कदमलाल महर्जन, सम्पदा संस्कृति, पुरातत्व संरक्षण केन्द्रका केन्द्र प्रमुख श्री चन्द्र शोभा शाक्य,

वातावरण शाखा प्रमुख श्री प्रदिप अमात्य तथा राजश्व प्रशासन महाशाखावाट इञ्जिनियर श्री श्रीराम के.सी.,ले आ-आफ्ना शाखा महाशाखाका प्रगति तथा देखा परेका समस्याका बारेमा पावर प्वाइन्टको माध्यमबाट प्र स्तुत गरिएको थियो ।

उक्त कार्यक्रममा उप महानगरपालिकावाट आमन्त्रण गरिएका माननीय सभासद श्री मदन बहादुर अमात्य, माननीय सभासद श्री चन्द्र महर्जन, विभिन्न राजनैतिक पार्टीका जिल्ला पार्टी प्रमुख तथा प्रतिनिधिज्यूहरु ने.क.पा.(एमाले) को तर्फवाट श्री श्रीगोपाल महर्जन, ए.ने.क.पा.(माओवादी) को तर्फवाट श्री बाबुराजा वज्राचार्य, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको तर्फवाट श्री नरेश श्रेष्ठ, संघीय समाजवादी पार्टीको तर्फवाट श्री चन्द्र महर्जन, ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री अजरमान जोशी, गै.स.स. महासंघ ललितपुरको तर्फवाट श्री टिकाराम दाहाल लगायतले वार्षिक समीक्षा कार्यक्रममा प्रस्तुत गरिएका प्रस्तुति उपर समीक्षात्मक टिप्पणी सहित आफ्ना राय सुझावहरु दिनु भएको थियो ।

**प्राप्त टिप्पणीहरुः**

१. योजना छनौट तथा कार्यक्रम संचालनमा समय अनुसार जुन परिवर्तनको अनुभूति नगरबासीमा हुनु पर्दथ्यो त्यो रुपमा हुन सकिरहेको छैन ।

२. उप-महानगरपालिकाबाट जति पनि योजनाहरु संचालन भएका छन् त्यही अनुपातमा ती योजनाहरुको फरफारक नभई रहेको अवस्था छ ।

३. उप-महानगरपालिका र नगरबासी बीच समय समयमा उप-महानगरपालिकाबाट प्रदान गरिएका सेवा सुबिधाको स्तर के छ, कुन पक्षमा सुधारको खाँचो छ आदि बुझ्नको लागि हुनु पर्ने समीक्षा नियमित भईरहेको छैन ।

४. ललितपुर उप-महानगरपालिका कला तथा संस्कृतिले धनी रहेको छ । त्यसैले यहाँ रहेका संस्कृतिका विविध पक्षहरुको जगेर्नाका लागि यथोचित प्रयास गरिनु पर्दछ । तर हाल योजना तर्जुमा गर्दा भौतिक निर्माणका योजनाका तुलनामा कला, संस्कृति, चाडपर्वलाई कम महत्व दिन थालिएको छ ।

५. नगरपरिषदवाट बढो उत्साहाका साथ बिभिन्न कार्यक्रमहरु तर्जुमा त गरिन्छ तर ती सबै योजनाहरु पूर्णरुपमा कार्यान्वयनमा कहिले पनि ल्याँइदैन । मूलत पूजिंगत तर्फका कार्यक्रमहरुको कार्यान्वयनमा निकै ढीला सुस्ती छ र यस्मा अपेक्षित सुधारको खाँचो छ ।

६. भए गरेका कार्यक्रमहरु उचित समयमा भए कि भएनन्, भए गरेका कामहरुको गुणस्तर के कस्तो छ बुझ्नका लागि जुन रुपमा अनुगमन प्रणाली हुनु पर्दथ्यो त्यो रुपमा अनुगमन प्रणाली व्यवस्थित भईरहेको छैन ।

७. ललितपुर उपमहनगरपालिकाको जनसंख्या धेरै भएको र धेरै ठाँउमा खानेपानीको समस्या यथोचित तवरले समाधान भएको छैन ।

८. शहर सफा राख्नु नगरपालिकाको कामहरु मध्ये एक चुनौति पूर्ण काम हो । यसका लागि फोहरमैला व्यवस्थापनमा देखा पर्ने तथा परेका समस्या पहिचानका लागि सबै सरोकारवालाहरु सँग बृहत छलफल गरिनु पर्दछ । हाल सर्सर्ती हेर्दा फोहोर मैलाको व्यवस्थित रुपमा संकलन, त्यस्को वर्गीकरण, ढुवानी तथा विर्सजनमा नगरपालिकाले सक्दो काम गरिरहे पनि समस्या देखिएकोछ र यो कामलाई आगामी दिनमा प्रभावकारी बनाउनु जरुरी छ । फोहोर विसर्जन गर्ने ठाँउ सिस्डोलमा देखिएको समस्या तुरुन्त समाधान गरी शहरमा रहेको फोहोर तुरुन्त सफा गर्न जोडदार माग भएको पाइयो ।

९. समाजमा अहिले पनि विपन्न तथा गरिव, महिला, बालबालिका तथा दलित वर्ग विभिन्न किसिमका अवसरबाट वञ्चित भईरहेको स्थिति छ । उनीहरुको समग्र विकास विना समाज अपेक्षित रुमा अघि बढ्न सक्दैन । यसैले **स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिले** लक्षित वर्गको लागि निश्चित रकम छुट्याउनु पर्ने व्यवस्था गरेको छ । हाम्रो सन्दर्भमा कार्यक्रममा वजेट तर्जुमा त गरिने गरिएको तर यस्को कार्यान्वयन भने फितलो हुंदा लक्षित बर्गले उचित फाईदा पाउन सकिरहेको अवस्था छैन ।

१०. आजको विश्वमा Information/data is power भन्ने मान्यता छ । यसैले सबै संघ-संस्थामा सूचना प्रणाली व्यवस्थित र प्रभावकारी हुनु जरुरी छ तर हाम्रो उप महानगरपालिकामा एकीकृत सूचना तथा अभिलेख प्रणाली छैन जस्को प्रत्यक्ष असर राजस्व संकलनमा परिरहेको छ ।

११. नगरबासीहरुको चाहना उप-महानगरपालिकावाट प्रवाह गरिने सेवा तथा सुविधाहरु यथा समयमा पाईयोस भन्ने हुन्छ । हाल उप-महानगरपालिकाबाट प्रदान गरिने सेवा सुविधामा जनगुनासो सुनिन थालिएको छ ।

१२. विकास निर्माणका काम उप-माहानगरपालिका एक्लैले मात्र गर्न संभव छैन तसर्थ उप महानगरपालिका क्षेत्र भित्रका विभिन्न सरकारी तथा अर्धसरकारी कार्यालयहरु संग हामीले प्रभावकारी समन्वय राख्नु पर्दछ ।

१३. नगरमा भुस्याहा छाडा कुकुरको बिगबिगी बढेको छ । धेरै नगारबासीहरुलाई कुकुरले टोकेको गुनासो आउन थालेको छ । उप-महानगरपालिकाको भुस्याहा कुकुरको व्यवस्थापन तर्फ समयमै ध्यान जानु जरुरी देखिएको छ ।

१४. रकमको दुरुपयोग गर्नु मात्र भ्रष्टाचार होइन बिनियोजित रकम समयमा खर्च गर्न नसक्नु पनि एक किसिमले भ्रष्टाचार नै हो किनकि समयमा उचित निर्णय गर्न नसकेकाले बिनियोजित रकम खर्च हुन नसकेको हो। आगामी दिनमा यसमा उल्लेखनीय सुधार हुनु जरुरी छ।

**प्राप्त सुझावहरु:**

१. ललितपुर उप-महानगरपालिकाका विभिन्न महाशाखा तथा शाखाहरुले कार्यक्रम संचालन गर्दा समन्वयात्मक ढंगवाट कार्यक्रम संचालन गर्नु पर्ने तथा लक्षित वर्गका कार्यक्रमहरु छनौट तथा कार्यान्वयनमा जोड दिनु पर्दछ र अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी बनाउनु पर्ने।

२. उप-महानगरपालिकाले सेवा ग्राहीहरु संग सम्वाद र सुझावहरु लिन नियमित रुपमा सार्वजनिक सुनुवाईको कार्यक्रम राख्नु पर्ने।

३. योजना तथा कार्यक्रमहरुको छनौट तथा संचालन, टिकाउ एवम् दिर्घकालीन हुनु पर्ने।

४. गैर सरकारी संस्था, उद्योग वाणिज्य संघ लगायतका अन्य संघ संस्थाहरु संग समन्वय हुन पर्ने।

५. पारित नीति तथा कार्यक्रमलाई प्रभावकारी वनाउनु पर्ने साथै आवश्यकता अनुसारका नीति तर्जुमा गर्दै प्रभावकारी कार्यान्वयन गरिनु पर्ने।

६. पुराना पेश्कीहरुको फछौंट प्रभावकारी रुपमा गरिनु पर्ने।

७. ललितपुर उपमहनगरपालिकाको जनसंख्या धेरै भएको र धेरै ठाँउमा खानेपानीको समस्या विद्यमान रहेको सन्दर्भमा उपमहानगरपालिकाले खानेपानीका लागि बिनियोजन गरेको रु ५० लाख रकम न्यून हो र यस्मा बजेट बृद्धि गर्नु पर्ने।

८. नगरपालिका बाट प्राप्त हुने सेवा प्रवाह चुस्त दुरुस्त र प्रभावकारी बनाउनु पर्ने।

९. कार्यालयमा कार्यरत कर्मचारीहरुलाई जिम्मेवारी सहित कार्य सम्पादन गर्न अग्रसर वनाउनु पर्ने ।

१०. कर्मचारीहरुमा यो नगर मेरै हो भन्ने भावना हुनु पऱ्यो। समयमा नगरपालिकामा काम हुँदैन भन्ने बाहिर जन गुनासो छ, जनप्रतिनिधि नभएको अवस्थामा उपमहा-नगरपालिकाका शाखा महाशाखा प्रमुखहरुले यस प्रति ध्यान दिनु जरुरी छ। कर्मचारीहरुले समयमा काम गर्नु भएन भने हामी सबैको ईज्जत रहदैन।

११. ललितपुर नगरपालिका बाट उप-महानगरपालिका भएको निकै बर्ष भयो, अब यसलाई के गर्दा महानगरपालिका बनाउन सकिन्छ त्यस हिसाबले हामी सबैले काम गर्नु पर्दछ।

१२. ललितपुरको समग्र बिकासको लागि यसको ऐतिहासिक महत्वलाई बढाउँदै पर्यटन प्रबर्धनमा जोड दिनु पर्दछ। पर्यटकलाई नगर प्रवेशमा अहिले रहेको दोहोरो कर प्रणालीमा सुधार गरी एक व्दार प्रणालीको विकास गर्नु पर्दछ।

१३. शहरको अनियन्त्रित बिस्तारक्रम बढ्दै गएकाले एकातिर यस्ले नगरबासीलाई चाहिने अत्यावश्यक सेवाहरु – पानी, बत्ती, बाटो र ढलको समुचित विकास गर्न अप्ठ्यारो हुन जान्छ भने अर्कातिर शहरको रुप रंग पनि बिग्रिन्छ। यस तर्फ बेलैमा ध्यान जानु जरुरी भईसकेको छ।

समीक्षा कार्यक्रमको अन्त्यमा उप-महानगरपालिका प्रमुख तथा कार्यकारी अधिकृत श्री तारा बहादुर कार्कीले उपमहानगरपालिकाको निमन्त्रणा स्वीकार गरी आउनु हुने सबैजना प्रति कृतज्ञता व्यक्त गर्दै औंल्याइएका कमी कमजोरीहरु र प्राप्त सुझावहरु प्रति धन्यवाद दिनुका साथै त्यसमा आगामी दिनमा अधिकतम सुधार गर्दै जाने विश्वास दिलाउनु भएको थियो। कार्यक्रममा उठेका जिज्ञासाहरुको जवाफ दिदै सबै नगरबासीहरु सँग मिलेर स्रोत र साधनको सीमा भित्र रही नगरको विकासमा आफू र आफ्नो टीम मन, बचन र कर्मले लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उपनगरपालिकाबाट उपलब्ध गराईने सेवा सुबिधालाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेमा कुनै समयमा पनि नगरबासीहरुले राय, सल्लाहा दिन सक्ने र आफूले त्यस्तो सहयोगको अपेक्षा गरेको बताउँदै कार्यक्रम समापन गर्नु भएको थियो।

प्रतिवेदन तयार गर्ने – राजेन्द्र प्रसाद अधिकारी तथा द्रोण प्रसाद कोइराला